नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वनस्पति विभाग
थापाथली

प्रथम पटक प्रकाशित मिति : २०७७/०१/२१

**Supply, Delivery, Installation, Commissioning & Demonstration of Autoclave and Accessories**

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

यस विभागबाट तपसिल बमोजिम कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक योग्य फर्म, कम्पनी वा आपूर्तिकर्ताबाट स्थायी लेखा नम्बर, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को करचुक्ता प्रमाण पत्र संलग्न राखी तपसिलका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १६ (सोह्रौं) दिनको १२:०० बजेभित्र रितपूर्वक सिलबन्दी दरभाउपत्र दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**सिलबन्दी दरभाउपत्रका शर्तहरु :**

१. दरभाउपत्र सम्बन्धी कागजातहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन २०७८।०२।०४ गते साँझ ५:०० बजे कार्यालय समय भित्र यस विभागबाट फाराम दस्तुर रु.१,०००/- (अक्षरुपी एक हजार मात्र) तिरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ ।

२. दरभाउपत्र मिति २०७८।०२।०५ गते दिनको १२:०० बजेसम्म शिलबन्दी खाममा विववरण प्रष्ट खुलाई यस विभागमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका सवै दरभाउपत्रहरु कार्यालय प्रतिनिधि तथा दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा दाखिला गर्ने अन्तिम दिनको २:०० बजे खोलिनेछ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएपनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. दरभाउपत्र जमानत वापत तपसिल वमोजिमको रकम विभागको कोष तथा लेखा नियन्त्रकको कार्यालय, बबरमहल, काठमाडौं स्थित नेपाल राष्ट्र बैंक, बालुवाटारमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ (वनस्पति विभागको कोड नं. ३२९०२३५०१ (२७/३२९/०३)) मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बरावर नेपाल सरकारवाट बैङ्क ग्यारेण्टी जारी गर्न ईजाजत प्राप्त बैङ्कहरुबाट यस विभागको नाममा जारी गरिएको बैङ्क ग्यारेण्टी पेश गर्नुपर्ने छ । उक्त बैङ्क ग्यारेण्टी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ७५ दिन सम्मको मान्य अवधी भएको हुनुपर्नेछ ।

४. रीत नपुगेको वा ढिलो गरी प्राप्त हुन आएको दरभाउपत्र उपकर कारवाही हुने छैन । साथै दररेट अंक वा अक्षर दुवैमा हुनु पर्नेछ। यदि इकाई दररेट अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा सहीछाप भएको हुनुपर्नेछ।

५. दरभाउपत्रको मान्य हुने अवधी ४५ दिनको हुनेछ।

६. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु क्रमशः भालीपल्ट कार्यालय खुलेको दिन हुनेछ।

७. नेपाल सरकारको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस विभागमा सुरक्षित रहनेछ।

८. दरभाउपत्र पेश गर्दा सिलबन्दी खाम बाहिर विभागको नाम, ठेक्का नं., कार्य विवरण र दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्वर र छाप लागेको हुनुपर्नेछ।

९. दरभाउपत्र प्रकृयामा भाग लिन फर्म अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको, ठेक्का सम्वन्धी पेशा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम २ (ङ) बमोजिमको घोषण पत्र दरभाउपत्रदाताले पेश गर्नु पर्नेछ ।

१०. **ठेक्का नं. 03/DPR/SQ/2077-078 का लागि पेश गरिने दरभाउपत्रमा प्रस्ताव गरिएका मालसामान र एसेसोरिजका मोडलहरुको Complete Technical Specifications सहितको Product Catalogue अनिवार्य रुपमा संलग्न गरेको हुनुपर्ने छ। उत्पादकको वेभसाइटमा उक्त मोडलहरु तथा Product Catalogue प्रकाशित भएको हुनुपर्ने छ र सोको**

Director General

Scanned with CamScanner

**online link दरभाउपत्र कागजातको Technical Specifications खण्डमा उल्लेख भएको हुनुपर्ने छ । यस अनुसार नभएको दरभाउपत्र स्वीकृत गरिने छैन ।**

११. सूचनामा परेका व्यहोराहरु बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनुका साथै कुनै संशोधन भएमा यस विभागको सूचना पाटीमा सूचना टाँस गरी जानकारी गराइनेछ ।

**तपसिल**

| ठेक्का नं. | कार्य विवरण | बैङ्क जमानत रकम (रु.) | कैफियत |
|---|---|---|---|
| 03/DPR/SQ/2077-078 | **Supply, Delivery, Installation, Commissioning & Demonstration of Autoclave and Accessories** | रु.५०,०००।- | |

Government of Nepal
Ministry of Forests & Environment
Department of Plant Resources

Director General

Scanned with CamScanner